# धितोपत्र बजार तथा वस्तु विनिमय बजार सम्बन्धी उत्कृष्ट शोधपत्र (Thesis) पुरस्कार सम्बन्धी नेपाल धितोपत्र बोर्डको सूचना

धितोपत्र बजार तथा वस्तु विनिमय बजार सम्बन्धी स्नातकोत्तर तथा एमफिल तहका विद्यार्थीहरुले तयार गरी बोर्डमा पेश गरेको शोधपत्र (Thesis) मध्ये उत्कृष्ट शोधपत्रलाई बोर्डको बार्षिकोत्सवको अवसरमा पुरस्कृत गरिदै आएको व्यहोरा सम्पूर्ण शोधकर्ताहरुलाई विदितै छ । उक्त सम्बन्धमा नेपाल धितोपत्र बोर्डको ३० औं बार्षिकोत्सवको अवसरमा समेत उत्कृष्ठ शोधपत्ररुलाई पुरस्कृत गरिने हुँदा देहाय अनुसारको शर्त बमोजिम हुने गरी आफ्नो शोधपत्र बोर्डमा पेश गर्नुहुन अनुरोध गरिन्छ ।

**शर्तहरु**

- अध्ययनका उद्देश्यहरु तथा अध्ययनले सम्बोधन गरेका मुद्दाहरु (Issues) को स्पष्टता तथा सान्दर्भिकता, अध्ययनका लागि उपयोग गरिएको विधिको उपयुक्तता तथा स्तरियता, जानकारी तथा तथ्याङ्कको विश्लेषण, अध्ययनको निष्कर्ष तथा धितोपत्र बजार/वस्तु विनिमय बजार सम्बन्धी सिद्धान्त तथा अभ्यासमा हुनुपर्ने सुधारका लागि सुझाव समावेश भएको मौलिक शोधपत्रहरुलाई प्राथमिकता दिइनेछ ।
- शोधपत्रकर्ताले उक्त शोधपत्र अन्य कुनै निकायमा कुनै प्रतियोगितामा भाग लिई पुरस्कार प्राप्त गरेको अथवा अन्य कुनै निकायबाट शोधपत्र तयार गर्न अनुदान नलिएको हुनु पर्नेछ ।
- शोधपत्र नेपालका विश्वविद्यालय वा उक्त विश्वविद्यालयबाट सम्बन्धन प्राप्त शैक्षिक संस्थाबाट सन् जनवरी २०२० देखि डिसेम्बर २०२१ मा सम्पन्न गरेको हुनु पर्नेछ ।
- शोधपत्र पेश गर्दा सम्बन्धित सुपरीवेक्षक तथा क्याम्पस/संकायको सिफारिसका साथै बोर्डको वेवसाइटमा उपलब्ध स्वघोषणा संलग्न गरी शोधकर्ताले निवेदन सहित यस बोर्डमा पेश गर्नु पर्नेछ ।
- शोधपत्र तथा माथि उल्लेखित अन्य कागजात **२०७९ बैशाख मसान्त**सम्म बोर्डमा पेश गर्नुपर्नेछ । सो पेश गर्दा हुलाक मार्फत वा स्वयं उपस्थित भई तल उल्लेखित ठेगानामा शोधपत्र बुझाउन सकिनेछ । शोधपत्रको एकप्रति सफ्टकपी बोर्डको इमेल research@sebon.gov.np मा समेत पठाउनु पर्नेछ ।
- उत्कृष्ट शोधपत्रहरुको घोषणा बोर्डको ३० औं बार्षिकोत्सव समारोहमा हुनेछ र उक्त समारोहमा नै उत्कृष्ट शोधकर्ताहरुलाई पुरस्कृत गरिनेछ ।
- शोधपत्र परीक्षण सम्बन्धी सम्पूर्ण अधिकार बोर्डमा निहित रहनेछ ।
- यस सम्बन्धी थप जानकारीका लागि बोर्डको फोन नं. ०१-५५४१०५७ मार्फत् धितोपत्र तथा वस्तु विनिमय अनुसन्धान महाशाखामा सम्पर्क गर्न सकिनेछ ।

साथै, यस सम्बन्धी सूचना शोधकर्ता विद्यार्थीहरु समक्ष प्रवाह गरिदिनुहुन सम्बन्धित सम्पूर्ण विश्वविद्यालय, क्याम्पस, संकाय तथा अन्य सम्बन्धित पक्षहरुलाई अनुरोध गरिन्छ ।

**नेपाल धितोपत्र बोर्ड**
**पो.ब.नं. ९०३१, खुमलटार, ललितपुर**
**फोन नं.: ०१-५५४१०५७**
**www.sebon.gov.np**

# Securities Board of Nepal

## Khumaltar, Lalitpur

## Self-Declaration Form for Best Thesis Award 2021/22

Participant Name: ……………………………………………………………………………..

Thesis Topic: ……………………………………………………………………………….

……………………………………………………………………………………………….

Name of Chief Thesis Supervisor: ………………………………………………………….

Name of Assistant Supervisor: (If any)…………………………………………………….

Affiliated College/Institution: ……………………………………………………………..

Thesis Submitted To (University): …………………………………………………………

Thesis Submission Date (In AD): ………………………………………………………….

Declaration (Please tick)

O I declare that this thesis is an original report of my research, has been written by me and has not been submitted for any previous degree or professional qualification. The experimental work is entirely my own work; the collaborative contributions have been indicated clearly and acknowledged. Due references have been provided on all supporting literatures and resources.

O I declare that the thesis has not received any kind of award from similar competition.

O Securities Board of Nepal follows zero tolerance against plagiarism; I hereby declare that the research work is free from plagiarism.

O I declare that the information given above is correct and factual.

Signature of Participant:

Date: